नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

**खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना**

**आयोजना क्लष्टर इकाई, सप्तरी**

**सूचना नं. ०१**

**सूचना प्रकाशित मितिः२०७९।०४।१०**

**विषय : पुरक अनुदानका लागि उत्पादक कृषक समूहहरुलाई व्यवसाय योजना पेश गर्ने बारे सूचना ।**

खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना, आयोजना क्लष्टर इकाई, सप्तरी को आ.व. २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रमअनुसार सम्भाग ख(२)आयस्तर वृद्धि र विविधिकरण अन्तर्गत आयोजना क्षेत्रका गाउँपालिकाहरुमा गठन तथा दर्ता भई परिचालनभएका उत्पादक कृषक समूहहरुको व्यवसाय योजनाहरुमा लगानी गर्न पुरक अनुदानको लागि तोकिएको योग्यता पुगेका उत्पादक कृषक समूहहरुलाई साना तथा पुरक अनुदान कार्यान्वयन कार्यविधि, २०७८ मा स्वीकृत भएको ढाँचामा यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र अर्थात मिति २०७९।०५।०८ गते सम्म आवश्यक कागजातहरु र व्यवसाय योजना सहित रित पूर्वकको आवेदन पेश गर्न सूचना आव्हान गरिएको छ । आयोजनाले तोकेका बालीनाली र पशुपन्छीजन्य उत्पादन तथा बजारीकरण क्रियाकलापहरुमा उत्पादनशिल र बजारका स्रोत साधनहरुको प्रयोगबाट उत्पादकत्वमा सुधार, व्यवसाय सीपमा सुधार एवं बजारीकरण समस्याहरु समाधान गर्न सहयोग हुने किसिमका व्यवसाय योजनाहुनु पर्नेछ । रित पूर्वकको आवेदन सहितको व्यवसाय योजना र आवश्यक कागजातहरु पेश भएका व्यवसाय योजनाहरु मात्र छनौटका लागि प्रक्रिया अघि बढाइने छ । पुरक अनुदान प्रति व्यवसाय योजनाको लागि आयोजनाको तर्फबाट अधिकतम रु ६ (छ) लाख सम्म र उत्पादक कृषक समूहको लगानी योगदान कम्तीमा १५ प्रतिशत हुनु पर्नेछ ।

**व्यवसाय योजनाकालागि पुरक अनुदानकार्यक्रम सञ्चालन हुने क्षेत्रः**

आयोजना क्लष्टर इकाई, सप्तरी अन्तर्गतका सप्तरी जिल्लाको राजगढ गाउँपालिका, विष्णुपुर गाउँपालिका र सिरहा जिल्लाको औरही गाउँपालिका, बरियारपट्टी गाउँपालिकाका यस आयोजना अन्तर्गतका लाभग्राहीहरुको कृषि तथा पशुपंक्षी सेवाका समूहहरु

**पेश गर्नु पर्ने कागजातहरुः**

१.गाउँपालिकामा उत्पादक कृषक समूहको दर्ता वा नवीकरण गरेको प्रमाण-पत्रको फोटोकपी ।

२. समूहको स्थायी लेखानम्वर लिएको प्रमाण-पत्रको फोटोकपी ।

३. उत्पादक कृषक समूहले जग्गा भाडामा लिएको भए सो को सम्झौता-पत्रको फोटोकपी ।

४. आयोजनाको पुरक अनुदानका लागि व्यवसाय योजना पेश गर्ने विषयमाउत्पादक कृषक समूहको निर्णय र समूहको आधिकारिक व्यक्तितोकेको माईन्यूटको फोटोकपी ।

५. प्रोडक्टिभ एलायन्सबाट सहजीकरण भएको उपज खरिद बिक्रिको करार सम्झौताको फोटोकपी ।

६. प्रोडक्टिभ पार्टनरहरुको प्रोफाइल प्रमाणिकरणको फोटोकपी ।

७.व्यवसाय योजनाको वातावरणिय र सामाजिक सुरक्षणका मापदण्ड पुरा भएको प्रतिबद्धता ।

**नोटः** पुरक अनुदान सम्बन्धीविस्तृत जानकारी तथा प्रस्तावको नमुनाका लागि कार्यालय समयमा आयोजना क्लष्टर इकाई सप्तरी.मा र आयोजना क्षेत्रका गाउँपालिकामा कार्यरत सेवाप्रदायक प्राविधिकहरुबाट समेत जानकारी लिन सकिनेछ ।